सूचनाको हक सम्वन्धि ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम सार्वजनिक गरिएको

# जिल्ला प्रशासन कार्यालय खोटाङको

# द्वितिय त्रैमासिक (२०७८ कार्तिक-पौष) प्रगति विवरण

## (PROACTIVE DISCLOSURE)

## आ.व. २०७८/०७९

जिल्ला प्रशासन कार्यालय

दिक्तेल, खोटाङ

२०७८

*सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) अनुसारको प्रयोजनको लागि जिल्ला प्रशासन कार्यालय खोटाङसगँ सम्वन्धित आ.व. २०७८/०७९ को प्र द्वितिय त्रैमासिक प्रगति विवरण*

## १. जिल्ला प्रशासन कार्यालय खोटङको परिचय

जिल्ला प्रशासन कार्यालय खोटाङले स्थानीय प्रशासन ऐन, २०२८ वमोजिम जिल्लामा नागरिकको जीउ धनको शान्ति सुरक्षा र जिल्लास्थित अन्य कार्यालयहरुसँग समन्वय गरी सार्वजनिक सेवा प्रवाह र विकास निर्माणको कार्यलाई सहज बनाइ विकास तथा सुशासन कायम गरेको छ ।

## २. २. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार

कार्यालयले नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ व्यवस्था गरेको गृह मन्त्रालयको अधिकार क्षेत्रभित्र रहेर काम, कर्तव्य र अधिकार देहायवमोजिम रहेको छ ।

- संघ, प्रदेश र स्थानीय तहहरुबीच समन्वय र सुरक्षा प्रबन्ध,
- अपराध रोकथाम तथा नियन्त्रण,
- दैनिक रुपमा नियमानुसार नागरिकता तथा राहदानी वितरण,
- हातहतियार तथा खरखजाना,
- सार्वजनिक सम्पतिको संरक्षण,
- जुवाजन्य क्रियाकलापको नियन्त्रण,
- लागूऔषध नियन्त्रण,
- विपद् व्यवस्थापन,
- सीमा सुरक्षा,
- अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति तथा बजार अनुगमन,
- सरकारी सवारी साधनको समुचित प्रयोगको व्यवस्था मिलाउने र
- अन्य आकस्मिक सम्पूर्ण कार्यहरु सम्पादन गर्दै आएको छ ।

## ३. २. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

### २.१ जिल्ला प्रशासन कार्यालयको स्वीकृत दरवन्दी तेरीज

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | दरवन्दी संख्या | कै |
|---|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. | रा.प. प्रथम | प्रशासन | सा. प्रशासन | १ | |
| २ | स.प्र.जि.अ. | रा.प. द्वितीय | प्रशासन | सा. प्रशासन | १ | |
| ३ | प्रशासकीय अधिकृत | रा.प. तृतिय | प्रशासन | सा. प्रशासन | २ | |
| ४ | ना.सु. | रा.प. अनं.प्रथम | प्रशासन | सा. प्रशासन | ५ | |
| ५ | लेखापाल | रा.प. अनं.प्रथम | प्रशासन | लेखा | १ | |
| ६ | क.अ. | रा.प. अनं.प्रथम | विविध | - | २ | |

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | दरवन्दी संख्या | कै |
|---|---|---|---|---|---|---|
| ७ | खरिदार | रा.प. अनं.द्वितीय | प्रशासन | सा. प्रशासन | ३ | |
| ८ | ह.स.चा. | श्रेणी विहिन | - | - | १ | |
| ९ | का.स. | श्रेणी विहिन | - | - | ७ | |
| जम्मा | | | | | २३ | |

## २.२. जिल्ला प्रशासन कार्यालय खोटाङमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | पद | नाम थर | श्रेणी/तह | समूह | फाँट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. | फणिन्द्र दाहाल | रा.प.दितिय | प्रशासन | का.प्र. | |
| ३ | स.प्र.जि.अ. | विकल श्रेष्ठ | रा.प.तृतिय | प्रशासन | स.प्र.जि.अ. | |
| ४ | ना.सु. | लिला बहादुर वि.क. | रा.प.अनं.प्रथम | प्रशासन | मुद्दा | |
| ५ | ना.सु. | सिताराम आचार्य | रा.प.अनं.प्रथम | प्रशासन | नागरिकता | |
| ६ | लेखापाल | लेख नाथ आचार्य | रा.प.अनं.प्रथम | लेखा | लेखा | |
| ७ | ना.सु. | अर्जुन कुमार आचार्य | रा.प.अनं.प्रथम | प्रशासन | प्रशासन | |
| ८ | क.अ. | फनिन्द्र राई | रा.प.अनं.प्रथम | प्रशासन | विविध | राष्टिय परिचय पत्र |
| ९ | खरिदार | सुमन बास्तोला | रा.प.अनं.द्वितीय | प्रशासन | मुद्दा | |
| १० | खरिदार | गोविन्द बस्नेत | रा.प.अनं.द्वितीय | प्रशासन | राहदानी | |
| ११ | खरिदार | ओसन वावु सुवेदी | रा.प.अनं.द्वितीय | प्रशासन | प्रशासन | |
| १२ | ह.स.चा. | केदार बहादुर श्रेष्ठ | श्रेणी विहिन | | का.प्र. | |
| १३ | का.स. | कृष्ण बहादुर भुजेल | श्रेणी विहिन | | राहदानी | |
| १४ | का.स. | लक्ष्मी प्रसाद आचार्य | श्रेणी विहिन | | नागरिकता | |
| १५ | का.स. | लोक प्रसाद आचार्य | श्रेणी विहिन | | प्रशासन | |
| १६ | का.स. | तिर्था देवी आचार्य | श्रेणी विहिन | | का.प्र. | |
| १७ | का.स. | केशव कट्वाल | श्रेणी विहिन | | प्रशासन | |
| १८ | का.स. | कोपिलमणी आचार्य | श्रेणी विहिन | | प्रशासन | |
| १९ | वि.द.स. | विर बहादुर अधिकारी | श्रेणी विहिन | | रा.प. | |

## ३. जिल्ला प्रशासन कार्यालय खोटाङबाट प्रदान गरिने सेवाको विवरण

| क्र.स. | काम | लाग्ने सरकारी दस्तुर | सम्वन्धित फाँट | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|
| १ | जिल्लामा शान्ति सुरक्षा | निशुल्क | प्रशासन फाँट | प्र.जि.अ. |
| २ | विकास निर्माणको कार्यमा समन्वय तथा सहजिकरण | निशुल्क | प्रशासन फाँट | प्र.जि.अ. |
| ३ | लागू औषध नियन्त्रण | निशुल्क | प्रशासन फाँट | प्र.जि.अ. |
| ४ | अवैध हतियार ओसारपोसार नियन्त्रण | निशुल्क | प्रशासन फाँट | प्र.जि.अ. |
| ५ | सीमा क्षेत्रमा हुने अपराधिक गतिविधि नियन्त्रण | निशुल्क | प्रशासन फाँट | प्र.जि.अ. |
| ६ | सुरक्षा निकायहरुको परिचालन तथा व्यवस्थापन | निशुल्क | प्रशासन फाँट | प्र.जि.अ. |
| ७ | अन्य अपराधिक क्रियाकलापहरुको नियन्त्रण | निशुल्क | प्रशासन फाँट | प्र.जि.अ. |
| ८ | अन्य सरकारी तथा गैर सरकारी निकायहरुको समन्वय | निशुल्क | प्रशासन फाँट | प्र.जि.अ. |
| ९ | संघीय, प्रदेश र स्थानीय तहहरुवीच समन्वय तथा सहकार्य | निशुल्क | प्रशासन फाँट | प्र.जि.अ. |
| १० | अनुगमन तथा निरीक्षण | निशुल्क | प्रशासन फाँट | प्र.जि.अ. |
| ११ | वंशजको आधारमा नागरिकता पमाण–पत्र जारी गर्ने | रु.१० को टिकट | नागरिकता फाँट | प्र.जि.अ. |
| १२ | वैवाहिक अंगिकृत | रु.१० को टिकट | नागरिकता फाँट | प्र.जि.अ. |
| १३ | विदेशी बाबु र नेपाली आमाबाट जन्मिने सन्तानले पाउने अंगिकृत नागरिकताको प्रमाण पत्र | रु.१० को टिकट | नागरिकता फाँट | प्र.जि.अ. |
| १४ | अंगिकृत बाबुका सन्तानले पाउने अंगिकृत नागरिकताको प्रमाण पत्र | रु.१० को टिकट | नागरिकता फाँट | प्र.जि.अ. |
| १५ | कर्मचारी परिवारको आधारमा | रु.१० को टिकट | नागरिकता फाँट | प्र.जि.अ. |
| १६ | अंगिकृत सिफारिस मात्र | रु.१० को टिकट | नागरिकता फाँट | प्र.जि.अ. |
| १७ | नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपी | रु.१३ को टिकट | नागरिकता फाँट | प्र.जि.अ. |
| १८ | राहदानी सिफारिस | सामान्य रु.५००० देखी १५००० सम्म | राहदानी फाँट | प्र.जि.अ. |
| १९ | राहदानी वितरण | नि:शुल्क | राहदानी फाँट | प्र.जि.अ. |

| क्र.स. | काम | लाग्ने सरकारी दस्तुर | सम्वन्धित फाँट | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|
| २० | पक्राउ पूर्जी, अनुसन्धानको लागि म्याद थप, अभियोग दर्ता, वयान, थुनछेक, साक्षि वकपत्र, फैसला, फैसला कार्यान्वयन लगाएतका कामहरु | कानून वमोजिम हुने | मुद्धा | प्र.जि.अ. |
| २१ | दर्ता | रु.१०००।– | प्रशासन फाँट | प्र.जि.अ. |
| २२ | नविकरण | आश्विन मसान्त भित्र आएमा रु.५००।– सो भन्दा पछि आएमा नियमानुसार थप शुल्क | प्रशासन फाँट | प्र.जि.अ. |
| २३ | जनगुनासो एवम् शिकायतहरु | रु.१० को टिकट | प्रशासन फाँट | प्र.जि.अ. |
| २४ | नाता प्रमाणित गर्ने | रु.१० को टिकट | प्रशासन फाँट | प्र.जि.अ. |
| २५ | वेलायती / भारतीय पेन्सनरहरुको नागरिकता तथा सिफारिस | रु.१०को टिकट | प्रशासन फाँट | प्र.जि.अ. |
| २६ | चारित्रिक प्रतिवेदन सम्वन्धि | रु.१०को टिकट | प्रशासन फाँट | प्र.जि.अ. |
| २७ | नाम थर वतन फरक परेको सिफारिस | रु.१०को टिकट | प्रशासन फाँट | प्र.जि.अ. |
| २८ | आदिवासी/जनजाती,दलित,मधेशी प्रमाणित | रु.१०को टिकट | प्रशासन फाँट | प्र.जि.अ. |
| २९ | नावालिग परिचय पत्र सम्वन्धि | रु.१०को टिकट | प्रशासन फाँट | प्र.जि.अ. |
| ३० | विष्फोटक पदार्थ तथा रसायन प्रयोग सम्वन्धि नयाँ सिफारिस | रु.१०को टिकट | प्रशासन फाँट | प्र.जि.अ. |
| ३१ | धर्मपुत्र धर्मपुत्री सम्वन्धि | रु.१०को टिकट | प्रशासन फाँट | प्र.जि.अ. |
| ३२ | नामसारी तथा नयाँ खरिद सिफारिस | प्रत्येक वर्षको आर्थिक ऐन अनुसार | प्रशासन फाँट | प्र.जि.अ. |
| ३३ | नविकरण | प्रत्येक वर्षको आर्थिक ऐन अनुसार | प्रशासन फाँट | प्र.जि.अ. |
| ३४ | विपद् व्यवस्थापन (सचेतना/ पूर्वतयारी/ प्रतिकार्य/ उद्दार/ राहत /पुनर्स्थापना) | निःशुल्क | प्रशासन फाँट | प्र.जि.अ. |

## ४. आ.व. २०७८/०७९ को द्धितिय त्रैमासिक अवधिमा प्रशासन शाखाबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरुको विवरण

| क्र. .सं. | कामहरु | कार्तिक | मंसीर | पौष | जम्मा |
|---|---|---|---|---|---|
| १ | पेन्सन सिफारिस | १२ | ११ | १३ | ३६ |
| २ | हातहतियार नामसारी | ० | ० | ० | ० |
| ३ | नावालिग परिचय पत्र | १० | ९ | ० | १९ |
| ४ | हातहतियार नविकरण | ० | ३ | १ | ४ |
| ५ | आदिवासी जनजाती व्यहोरा प्रमाणित | ७६ | ६७ | १६४ | ३०७ |
| ६ | दलित जनजाती व्यहोरा प्रमाणित | १५ | १३ | ३५ | ६३ |
| ७ | सवारी साधन अनुमती (पास) | २२ | २१ | १९ | ६२ |
| ८ | कार्यालय प्रमुख बैठक | १ | ० | ० | ० |
| ९ | दिवस/उत्सव/समारोह | ० | ० | १ | ० |
| १० | मासिक प्रतिवेदन | १ | १ | १ | ३ |

## ५. शान्ति सुरक्षा व्यवस्थापन

जिल्ला प्रशासन कार्यालय खोटाङले जिल्लाको शान्ति सुरक्षा व्यवस्थापन र जिल्ला भ्रमणमा आउनु हुने उच्च पदस्थ पदाधिकारीको आगमन अनुसार जिल्ला सुरक्षा समितिको नियमित तथा आकस्मिक बैठक राखिएको छ । जिल्ला सुरक्षा समितिको नियमित तथा आकस्मिक बैठकले गरेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने गरिएको तथा मन्त्रालयबाट बेलाबेला शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा भएका परिपत्र, निर्देशनहरुलाई समेत तदारुकताका साथ कार्यान्वयन गर्ने गरिएकाले जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था सामान्य रहेको अवस्था छ । आ.व. २०७८/०७९ को द्धितिय त्रैमासिक अवधिमा जिल्ला सुरक्षा समितिको बैठक ७ पटक बसी जिल्लाको शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा विभिन्न निर्णय गरिएको र सबै सुरक्षा निकायहरुको समन्वय एवम् सहकार्यमा जिल्ला सुरक्षा योजना बनाई कार्यान्वयन गरिदैछ ।

## ६. नागरिकता वितरण

आ.व. २०७८/०७९ को यस द्वितिय त्रैमासिक अविधमा यस कार्यालयले ११२९ जनालाई नागरिकता वितरण गरेको छ । नागरिकतालाई नागरिकको राजनैतिक अधिकारसँग जोडेर हेर्ने गरिन्छ । यसैका आधारमा नागरिकले राज्यबाट प्रदान गरिने विभिन्न सेवा सुविधा र अवसर समेत प्राप्त गर्दछन् । तसर्थ नागरिकताको अभिलेख बनाउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय खोटाङले नागरिकता प्राप्त गर्दा नागरिकले पेश गरेको अनुसूची फारामहरुलाई व्यवस्थित र सुरक्षित राख्ने गृहकार्य शुरु गरेको छ ।

वि.स. २०६२ असार ५ गते जिल्ला प्रशासन कार्यालय खोटाङमा आगजनी भइ सम्पूर्ण अभिलेख नष्ट भएकोले नागरिकताहरु हराएमा, झुत्रो भएमा, सम्बन्धित व्यक्तिले निवेदनका साथ पेश गरेका आवश्यक कागजातहरुको आधारमा कार्यालयले मागवमोजिम र अभिलेख भएकाहरुको हकमा अभिलेख वमोजिम नागरिकताको प्रतिलिपि वितरण गरिएको छ ।

### ६.१ जिल्ला प्रशासन कार्यालय खोटाङबाट आ.व.२०७८/०७९ को यस द्वितिय त्रैमासिक अवधिमा वितरण भएका नागरिकता

(क) जिल्ला प्रशासन कार्यालयबाट जारी भएका नागरिकताको विवरण

| वितरण गर्ने कार्यालय | नयाँ नागरिकता | | | प्रतिलिपि नागरीकता | | | वैवाहिक अंगिकृत | कै |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | महिला | पुरुष | जम्मा | | |
| कार्तिक | ५९८ | ५३८ | ११३६ | ३२७ | १६९ | ४९६ | ० | |
| मंसीर | ४२६ | ४४७ | ८६६ | ९८ | १७६ | २७४ | ० | |
| पौष | ५५४ | ४८६ | १०४० | १५७ | २०२ | ३५९ | १ | |
| **जम्मा** | **१५७८** | **१४६४** | **३०४२** | **५८२** | **५४७** | **११२९** | **१** | |

## (ख) इलाका प्रशासन कार्यालय खोटाङ बजार बाट जारी भएका नागरिकताको विवरण

| वितरण गर्ने कार्यालय | नयाँ नागरिकता | | | प्रतिलिपि नागरीकता | | | वैवाहिक अंगिकृत | कै |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | महिला | पुरुष | जम्मा | | |
| कार्तिक | १५५ | १६६ | ३२१ | १८ | ४७ | ६५ | ० | |
| मंसीर | २१७ | १९९ | ४१६ | ३२ | ४० | ७२ | ० | |
| पौष | २३३ | १६५ | ३९८ | ४० | ४८ | ८८ | ० | |
| **जम्मा** | **६०५** | **५३०** | **११३५** | **९०** | **१३५** | **२२५** | **०** | |

## (ग) इलाका प्रशासन कार्यालय, ऐसेलुखर्क खोटाङ बाट जारी भएका नागरिकताको विवरण

| वितरण गर्ने कार्यालय | नयाँ नागरिकता | | | प्रतिलिपि नागरीकता | | | वैवाहिक अंगिकृत | कै |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | महिला | पुरुष | जम्मा | | |
| कार्तिक | ७९ | ५६ | १३५ | ९ | १३ | २२ | | |
| मंसीर | ३१ | ४९ | ८० | ५ | १४ | १९ | | |
| पौष | ११८ | ९६ | २१४ | १९ | ३१ | ५० | | |
| **जम्मा** | **२२८** | **२०१** | **४२९** | **३३** | **५८** | **९१** | | |

## ७. राहदानी वितरण

राहदानी बनाउनका लागि प्राप्त निवेदनहरु जिल्ला प्रशासन कार्यालयले आफ्नो कार्यालयमा जम्मा गरेर राहदानी विभागमा पठाउने गरेको छ । यसरी जम्मा गरिएका राहदानीहरु महिनामा सामान्यतया १ पटक पठाउने गरिएको छ । राहदानी तयार भएर आएपछि SMS मार्फत सम्वन्धित खबर गर्ने प्रणाली विकास गरी वितरणको कार्यलाई सहज वनाइएको छ । वितरण गरिएको राहदानीहरुको विद्युतिय अभिलेख कार्यालयले राख्ने गरिएको छ ।

आ.व २०७८/०७९ को द्वितिय त्रैमासिक अवधिमा जिल्ला प्रशासन कार्यालय खोटाङबाट राहदानी वितरणको विवरण

| महिना | कार्यालयबाट वितरित राहदानी संख्या | | | द्रुत सिफारिस संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | कुल जम्मा | महिला | पुरुष | कुल जम्मा | |
| कार्तिक | ३० | ८७ | ११७ | ८४ | १०७ | १९१ | |
| मंसीर | १६ | ६५ | ८१ | ३७ | ६९ | १०६ | |
| पौष | ५० | १३० | १८० | ३१ | ७० | १०१ | |
| **जम्मा** | **९६** | **२८२** | **३७८** | १५२ | २४६ | ३९८ | |

## ८. मुद्दा फैसला तथा गुनासो व्यवस्थापन

जिल्ला प्रशासन कार्यालयलाई अर्धन्यायिक निकायको रुपमा विभिन्न ऐन, कानूनमा आवद्ध रही कार्य गर्न नेपाल सरकारले जिम्मेवारी दिएको छ । तोकिएको कानून र राजपत्रमा प्रकाशित सूचना समेतलाई आधार मानी यस कार्यालयले जिल्लामा घटेका हातहतियार, अखाद्य वस्तुहरु, कालो बजारी, सवारी दुर्घटना, जुवा, केही सार्वजनिक अपराध, सार्वजनिक स्थलमा अभद्र व्यवहार, सार्वजनिक शान्ति विरुद्धको कसूर, सार्वजनिक नैतिकता विरुद्धको कसूर जस्ता फौजदारी अपराध सम्वन्धी मुद्दा दर्ता र सोको फछ्र्यौट सम्वन्धी कार्य गरिएको छ । यसको अलावा शान्ति सुरक्षा सम्वन्धी गुनासा तथा उजुरीहरुको समेत समयमा नै सुनुवाई गरी निकासा दिने काम गरेको छ । आ.व २०७८/०७९ को द्वितिय त्रैमासिक अवधिमा यस कार्यालयमा दर्ता हुन आएका र फछ्र्यौट भएका मुद्दाहरुको विवरण निम्नानुसार रहेको छ ।

क) फैसला तथा गुनासो सम्बन्धी विवरण

| **क.सं.** | **मुद्धा शिर्षक** | **अल्या** | **नयाँ दर्ता** | **फैसला** | **वाँकि** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | हातहतियार खरखजना | | | | | |
| २ | कालोबजारी | | | | | |
| ३ | सार्वजनिक स्थलमा अभद्र व्यवहार | | ३ | | | |

| क्र.सं. | मुद्धा शिर्षक | अल्या | नयाँ दर्ता | फैसला | वाँकि | कैफियत |
|---|---|---|---|---|---|---|
| ४ | जुवातास तथा सट्टा वाजि | | | | | |
| ५ | सार्वजनिक उपद्रयांइ | | | | | |
| ६ | घरपालुवा तथा सामुदायिक पशुलाई निर्दयी निर्मतापूर्वक मारेको | | | | | |
| | जम्माः | | | | | |

ख) आ.व २०७७/०७८ को द्वितिय त्रैमासिक अवधिमा ठाडो उजुरी, गुनासो तथा सवारी क्षतिपुर्ति सम्बन्धि विवरण

| क्र.सं. | शिर्षक | दर्ता संख्या | कार्यान्वयन संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ठाडो उजुरी | २० | २० | |
| २ | सवारी दुर्घटना क्षतिपुर्ति | | | |

## ९. विपद् व्यवस्थापन

प्राकृतिक विपत्तिको हिसावले खोटाङ जिल्ला जोखिमयुक्त जिल्लामा पर्दछ । यस जिल्लामा देखिने प्रमुख प्रकोपजन्य समस्याहरु बाढी, पहिरो, आगोलागी, चट्याङ, हुरीवतास आदि रहेका छन् । जिल्लामा हुन सक्ने विपदबाट हुने क्षतिलाई न्यूनिकरण गर्न तथा आगामी दिनमा आउन सक्ने विपद्को सामना गर्न यस जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति रहेको छ । समितिबाट जिल्ला स्तरीय विपद् प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ । विपद्कार्यमा संलग्न सरकारी तथा गैरसरकारी निकायहरुको सम्पर्क नम्वर र विपद् नियन्त्रणका सामाग्रीहरुको विवरण राखिएको छ । स्थानीय तहहरुसँग समेत विपद् व्यवस्थापनका गतिविधिहरुलाई सहकार्यको रुपमा अगाडि बढाउन स्थानीय तहका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समेतको सहभागितामा विपद् व्यवस्थापन समितिको बैठक यो अवधिमा १ पटक वसेको छ । स्थानीय तहमा विपद् व्यवस्थापनका लागि आवश्यक कोष खडा गर्न तथा विपद्को जोखिम न्यूनिकरण र क्षमता अभिबृद्धि समेतका कार्यक्रम गर्न उक्त समितिले सिफारिस गरेको छ ।

## १०. जिन्सी सामग्री व्यवस्थापन

यस कार्यालयको जिन्सी किताबमा आम्दानी बाधिएका जिन्सी सामान उपयोगहीन तथा औचित्य तथा जिन्सी निरीक्षण प्रतिवेदनको आधारमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २८ र आर्थिक कार्यविधि नियमावली, २०६४ को बमोजिम जिन्सी निरीक्षण समितिवाट मिति २०७८।०५।१५ मा निरीक्षण गरियो ।

## ११. प्रशासनिक गतिविधि

जिल्लामा समग्र शान्ति सुरक्षा लगायत विशिष्ट व्यक्तिहरुको आवागमनमा सुरक्षा व्यवस्थापन सम्वन्धी पत्राचार, सरकारी सवारी साधनहरुको सञ्चालन अनुमति, पेन्सनरहरुको पारिवारिक विवरण, व्यहोरा प्रमाणित, नावालक परिचयपत्र, पत्रपत्रिका दर्ता, सार्वजनिक खरिद कार्य, हातहतियार नामसारी तथा नविकरण, जिल्लास्थित सरकारी कार्यालयहरुको अनुगमन तथा निरीक्षण, मासिक रुपमा कार्यालय प्रमुखहरुको बैठक लगायत कार्यालयको आन्तरिक प्रशासन सञ्चालन सम्वन्धी कार्य प्रशासन शाखाबाट सम्पादन गरेको छ ।

## १२. लागूऔषध नियन्त्रण

जिल्लामा लागूऔषध नियन्त्रण गरी नागरिकलाई कुलतबाट बचाइ असल नागरिक बनाउनु जिल्ला प्रशासन कार्यालयको एक प्रमुख दायित्व हो ।सामुदायिक प्रहरी कार्यक्रम मार्फत लागूऔषध नियन्त्रणका गतिविधिलाई तल्लो तहसम्म चेतनामूलक तवरले पुर्याउनु जनपथ प्रहरीलाई आवश्यक सहयोग पुर्याएको छ ।

## १३. बजार अनुगमन

जिल्लामा रहेको मुख्य मुख्य बजारहरु जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, घरेलु तथा साना उद्योग विकास कार्यालय, करदाता सेवा कार्यालय आदिको सहकार्य तथा समन्वयमा संयुक्त बजार अनुगमन मासिक रुपमा गर्ने गरेको छ । अनुगमनको क्रममा भेटिएको म्याद नाघेको वस्तुहरुलाई नष्ट गर्ने, अखाद्य वस्तु र रङ प्रयोग गरी खाद्य वस्तु विक्रि वितरण नगर्न निर्देशन दिने, आ-आफ्न व्यवसायीक

फर्महरु दर्ता गरी सञ्चालन गर्न, म्याद सकिएको अवस्थामा नविकरण गरेर र प्रचलित कानुनको पालना गरेर मात्रै व्यवसाय सञ्चालन गर्न/गराउन सुझाव दिइएको छ ।

यस त्रैमासिक अवधिमा गरिएको बजार अनुगमनको संक्षिप्त विवरणः

| सि.नं. | बजार अनुगमन गरिएको मिति | जफत गरी नष्ट गरिएका गुणस्तरहीन सामाको मूल्य | कैफियत |
|---|---|---|---|
| १ | २०७८.०६.२२ | ५७५५.०० | |
| | २०७८.०६.१५ | ३२५८०.०० | |
| | २०७८.०५.०४ | २९४९०.०० | |
| | २०७८.०५.१६ | १८०४५.०० | |
| | २०७८.०६.२३ | २०८८०.०० | |
| | २०७८.०६.२४ | १५०४५.०० | |

बजार अनुगमनका क्रममा फेला परेका गुणस्तरहीन सामग्रीहरु नष्ट गरी आगामी दिनहरुमा त्यस्ता सामग्रीहरुको कारोबार नगर्न व्यापारीहरुलाई सचेत बनाइएको छ ।

## १४. समन्वय तथा सहकार्य

कार्यालयले यस जिल्लामा शान्ति सुरक्षा व्यवस्थापन गर्नुको साथसाथै विकास निर्माण तथा अन्य आवश्यक कार्यहरुमा विभिन्न संघीय कार्यालय, प्रादेशिक कार्यालय, स्थानीय निकाय, संस्थानहरु, सुरक्षा निकायहरु, सञ्चारकर्मी, राजनीतिक दल, नागरिक, वुद्धिजिवी लगायत सम्पूर्ण सरकारी तथा गैरसरकारी संघ संस्थाहरसँग समन्वय तथा सहकार्य गरेको छ ।

## १५. अनुगमन तथा निरीक्षण

जिल्ला प्रशासन कार्यालयले जिल्ला स्थित कार्यालयहरुले आ-आफ्नो कार्याधिकार भित्र रहेर जिल्लामा सुशासन कायम गर्ने उद्देश्यले काम गरेका छन् वा छैनन् भनेर अनुगमन गरिएको थियो । जसमा दैनिक कार्य सञ्चालनको अवस्था, समयको पालना, नागरिक वडापत्रको प्रयोग, स्पष्ट नक्साङ्कन सहितको

कोठा नं., मातहतको कर्मचारीलाई अधिकार प्रत्यायोजन, ड्रेस कोडको पालना, वेवसाइड, गुनासो पेटिका तथा गुनासो सुन्ने अधिकारी, सूचना पाटीको प्रयोग, खानेपानी तथा सरसफाइको अवस्था, सहायता कक्षा व्यवस्थापन, मातहातक कार्यालय वा सेवा केन्द्रहरुको निरीक्षण तथा अनुगमन, योजना सञ्चालन तथा व्यवस्थापन, आर्थिक अनुशासन कायम, शान्ति सुरक्षा व्यवस्थापन, अपराध नियन्त्रण, सृजनशिल कार्यहरु लगायत रहेको छन् ।

### प्रमुख जिल्ला अधिकारीबाट अनुगमन गरिएको सुरक्षा निकायहरु

| क.स. | सुरक्षा निकाय | भेटिएको कुराहरु | सुझाव तथा निर्देशन | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय | नियमितरुपमा सक्रियतापूर्वक जिम्मेवारी पूरा गरिरहेको । | जिल्लामा शान्ति सुरक्षा र अमनचयन कायम गर्न अझै लागिपरेर सेवा गर्न निर्देशन दिइएको । | |
| २ | सशस्त्र प्रहरी वल नेपाल हलेसी गुल्म | ,, | ,, | |
| ३ | इलाका प्रहरी कार्यालय हलेसी | ,, | ,, | |
| ४ | प्रहरी चौकी च्यास्मिटार | ,, | ,, | |
| ५ | प्रहरी चौकी नुनथला | ,, | ,, | |
| ६ | प्रहरी चौकी बुईपा | ,, | ,, | |
| ७ | प्रहरी चौकी धितुङ | ,, | ,, | |

### अनुगमन गरिएको अन्य कार्यालयहरु

| क.स. | कार्यालय | भेटिएको कुराहरु | सुझाव तथा निर्देशन | कैफियत |
|---|---|---|---|---|
| १ | कारागार कार्यालय, खोटाङ | सामान्य अवस्थामा सेवा प्रवाह भै रहेको | उचित व्यवस्थापन तथा सुरक्षा सतर्कताको लागी निर्देशन । | |
| २ | मालपोत कार्यालय खोटाङ | सामान्य अवस्थामा सेवा प्रवाह भै रहेको | अझै छिटो छरितो सेवा प्रवाह गर्नु पर्ने | |
| ३ | नापी कार्यालय खोटाङ | सामान्य अवस्थामा सेवा प्रवाह भै रहेको | अझै छिटो छरितो सेवा प्रवाह गर्नु पर्ने | |
| ४ | जलस्रोत तथा सिंचाइ विकस डिभिजन कार्यालय खोटाङ | सामान्य अवस्थामा सेवा प्रवाह भै रहेको | अझै छिटो छरितो सेवा प्रवाह गर्नु पर्ने | |
| ५ | नेपाल विद्युत प्राधिकरण खोटाङ | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | नापी कार्यालय खोटाङ | | | |
| ७ | जिल्ला हुलाक कार्यालय खोटाङ | | | |
| ८ | संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना खोटाङ | | | |
| ९ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय खोटाङ | | | |

## १६. कारागार व्यवस्थापन

प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष रेखदेख र निगरानीमा रहने कारागार कार्यालय दिक्तेलमा यो अवधिमा रहेका कैदी बन्दीहरु र थुनुवाको विवरण निम्नानुसार रहेको छ ।

पुरुषः- २३२

महिलाः- ७

**जम्माः- २३९**

यस अवधिमा छुटेका कैदी बन्दीहरु र थुनुवाको विवरण निम्नानुसार रहेको छ ।

पुरुषः- १३

महिलाः- ५

**जम्माः- १८**

## १७. कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्वन्धी कार्यः

विश्व महामारीको रुपमा फैलिइरहेको कोभिड-१९ को संक्रमण हालका दिनहरुमा नेपालमा दैनिक घट्दो छ । यस रोगको संक्रमणबाट खोटाङ जिल्लालाई मुक्त गराउनको लागी विभिन्न सुरक्षा उपायहरु अवलम्बन गरिंदै आइएको छ ।

कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्न जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा सबै पालिका प्रमुख, प्रमुख जिल्ला अधिकारी लगायत सुरक्षा निकाय, राजनीतिक दलहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु सदस्य रहने गरी कोभिड-१९ रोकथाम तथा नियन्त्रण जिल्ला समन्वय समिति गठन गरिएको छ । त्यसै गरी प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र र कमाण्ड पोष्ट समेत गठन गरिएको अवस्था छ ।

जिल्ला सुरक्षा समिति तथा उक्तवमोजिमको समितिहरुको विभिन्न समयको निर्णयबाट यस जिल्लामा देहायको कार्यहरु भएको अवस्था छ ।

| क्र.स. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | कोभिड-१९ रोकथाम तथा नियन्त्रण जिल्ला समन्वय समिति बैठक संख्या | | |
| २ | जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र बैठक | २ | |

| | | | |
|---|---|---|---|
| ३ | कमाण्ड पोष्ट बैठक | | |
| ४ | हेल्थ डेस्क स्थापना संख्या | | |
| ५ | सामान्य स्वास्थ्य परीक्षण संख्या | | |
| ६ | जनचेतनामूलक कार्यक्रम सञ्चालन | नियमित | |
| ७ | क्वारेन्टिन स्थापना (स्थान) | | |
| ८ | क्वारेन्टिन वेड संख्या | | |
| ९ | आइसोलेशन वेड संख्या | २३४ | |
| १० | कोभिड फ्रेण्ली एम्वुलेन्स तयारी | २ | |
| ११ | स्वास्थ्य सामग्री संकलन | | |
| १२ | नियमित क्वारेन्टिनको अनुगमन तथा निरीक्षण | नियमित | आवश्यकता अनुसार |
| १३ | पालिकाहरुसगँ समन्वय तथा सहकार्य | नियमित | |
| १४ | वन्दावन्दीलाई कार्यान्वय | नगरिएको | |
| १५ | सवारी साधन सञ्चालन तथा व्यवस्थापन | नियमित | |
| १६ | PCR परीक्षणको लागि स्वाव संकलन | | |
| १७ | PCR परीक्षण | | |
| १८ | PCR पोजिटिभलाई उपचारको व्यवस्था | | |
| १९ | PCR पोजिटिभको संख्या | | |
| २० | PCR पोजिटिभ भई निको भएको | | |
| २१ | PCR पोजिटिभ भई उपचारर्थ | | |
| २२ | होल्डिङ सेन्टर स्थापना | | |
| २३ | अन्य कार्यहरु | | |

## २०. कार्यालय प्रमुख तथा सूचना अधिकारीको विवरण

| क्र.स. | नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री फणिन्द्र दाहाल | प्रमुख जिल्ला अधिकारी | ९८५२८०७७७७ |
| २ | श्री विकल श्रेष्ठ | सूचना अधिकारी | ९८५२८४९९६६ |

# धन्यवाद !